नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १११

मिति :- वि.सं. २०८३/०६/१५

ने.स. :- ११४६ ञलागा,५ बिहिवार

विषयः बिल बीजक सहितका कागजात पेश गर्ने सम्बन्धमा।

श्री सम्पादक/प्रकाशकज्यू,

आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा समावेश भएका पत्रपत्रिकाहरु (सबै)।

प्रस्तुत बिषयमा २०८३ साउन, भदौ र असोज महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेका पत्रपत्रिकाले बिल बीजक सहितका कागजातहरु बुझाउने सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

१. यस बोर्डको च.नं. ९४, मिति २०८३/०६/०६ को पत्रबाट २०८३ साउन र भदौ महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन गरेका पत्रपत्रिकाले बिल बीजक सहितको कागजात २०८३ असोज १५ गतेसम्म बुझाउन जानकारी गराइएकोमा उक्त महिनाको बिल बीजक सहितका कागजात **२०८३ असोज २० गतेसम्म** सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा बुझाउनु हुन।

२. सूचना तथा सञ्चार मन्त्रालयको च.नं. प्रेस/८३६, मिति २०८३/०६/१५ गतेको पत्रबाट छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ को दफा १ को उपदफा (२) को सट्टा "यो कार्यविधि २०८३ कार्तिक एक गतेदेखि लागु हुनेछ" भन्ने वाक्यांश राखे गरी मिति २०८३/०६/१४ को (माननीय मन्त्रीस्तरीय) निर्णय भएको जानकारी तथा प्रमाणित प्रति प्राप्त भएकोले २०८३ साउन, भदौ र असोज महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन, सोको मासिक दररेट, भुक्तानी र सोसम्बन्धी अन्य व्यवस्था छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ मा उल्लेख भए अनुसार नै गर्नु हुन।

३. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ को अनुसूची-२ मा उल्लिखित मासिक दररेट अनुसार बिल बीजक सहित भुक्तानीको लागि कागजात पेश गरेका पत्रपत्रिकाले छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ को दफा १७ मा उल्लिखित मासिक दररेटभन्दा कम रकमको बिल बीजक जारी गरेको भए अपुग हुने रकम बराबरको बिल बीजकसमेत सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा बुझाउनु हुन।

४. मिति २०८२/०४/१४ गते प्रमाणीकरण भएको केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ ले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ संशोधन गरी उक्त दफाको उपदफा (१) मा विज्ञापन कारोबार गर्ने सञ्चार माध्यम तथा विज्ञापन एजेन्सी तोकिए बमोजिमको विवरण दाखिला गरी विज्ञापन बोर्डमा सूचीकृत हुनु पर्ने कानूनी व्यवस्था गरेकोले बिल बीजक बुझाउने अन्तिम मितिसम्म पत्रपत्रिका विज्ञापन बोर्डमा सूचीकरण तथा नविकरण भएको प्रमाण पत्र समेत अनिवार्य रुपमा बुझाउनु हुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थः

श्री हुलाक निर्देशनालय (सबै) र

श्री जिल्ला हुलाक कार्यालय (सम्बन्धित सबै)

((उल्लिखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

about:blank

जिल्ला हुलाक कार्यालय, पाँचथर
दर्ता नं.: २६९
दर्ता मिति: २०८३।०६।१९